ग्लोबल आईएमई बैंकको ग्लोबल मनि विकको अवसरमा विद्यार्थी लक्षित वित्तीय साक्षरता

आर्थिक संवाददाता
काठमाडौं, चैत १

ग्लोबल आईएमई बैक लिमिटेडले ग्लोबल मनि विक २०२६ को अवसरमा विद्यार्थी तथा युवा लक्षित वित्तीय साक्षरताका कार्यक्रमहरू आयोजना गर्न जानकारी दिएको छ । बैकले ग्लोबल मनि विक २०२६ को अवसर पारेर मुलुकका सातवटै प्रदेशमा सप्ताहव्यापी रूपमा विद्यार्थी तथा युवा लक्षित वित्तीय तथा डिजिटल साक्षरताका कार्यक्रमहरू आयोजना गर्न लागेको हो । सो अनुसार बैकले ग्लोबल मनि विक २०२६ को मुख्य नारा 'स्मार्ट मनि टक्स'लाई आत्मसाथ गरी यही मार्च १६ देखि मार्च २२, २०२६ सम्म बैकका विभिन्न शाखा कार्यालयहरूबाट वित्तीय साक्षरताको कार्यक्रम संचालन गर्नेछ ।

सोही कार्यक्रमअन्तर्गत बैकले वित्तीय साक्षरतासम्बन्धी विभिन्न सामग्रीहरू उत्पादन तथा प्रकाशन गरी आफ्नो आधिकारिक सामाजिक सञ्जालहरूमार्फत पनि प्रशारण गर्ने तयारी गरेको छ । वित्तीय साक्षरता अभिवृद्धिका लागि बैकले हरेक वर्ष आफ्ना शाखा कार्यालयहरूमार्फत विभिन्न कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ । यस आर्थिक वर्षमा हालसम्म बैकको ७० भन्दा बढी शाखा कार्यालयहरूले वित्तीय साक्षरता कार्यक्रम

सम्पन्न गरिसकेको जनाएको छ । कार्यक्रममा वचत, कर्जा, रेमिट्यान्स, डिजिटल बैंकिङ्, बीमा, लगानी, अतिरिक्त बैंकिङ्ग सेवाहरू, वित्तीय ठगी र वित्तीय अनुशासनसम्बन्धी विषयवस्तुमा जानकारी गराइएको छ ।

ग्लोबल आईएमई बैक ग्लोबल फाइनान्सको बेस्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो । साथै, ग्लोबल आईएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट फरक-फरक विधामा सम्मानित भएको छ ।

मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको बैंकको तीन सय ५२ वटा शाखा कार्यालय, तीन सय ७९ वटा एटीएम, एक सय ४७ शाखा रहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर तथा तीनवटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी एक हजारभन्दा बढी सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डनलगायत अन्य देशहरूबाट रेमिट्यान्स मित्र्याउने काम गर्दै आएको जनाएको छ ।

सन नेपाल लाइफले ल्यायो २०८३ सालको क्यालेन्डर

आर्थिक संवाददाता
काठमाडौं, चैत १

सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आगामी वर्ष २०८३ सालका लागि तयार पारिएको क्यालेन्डर एक विशेष समारोहबीच लोकार्पण गरेको छ । कम्पनीले आगामी वर्षको क्यालेन्डरलाई विशेष सन्देशसहित तयार पारेको छ, जसको मुख्य विषयवस्तु लोपोन्मुख वन्यजन्तु, दिगोपन, संरक्षण र संवर्द्धन रहेको कम्पनीले जानकारी दिएको छ ।

कम्पनीले सार्वजनिक गरेको क्यालेन्डरमा नेपालमा पाइने विभिन्न लोपोन्मुख जनावरहरूको तस्वीर समावेश गरिएको छ । प्राकृतिक सम्पदाको संरक्षण र भावी पुस्ताका लागि सुरक्षित भविष्य सुनिश्चित गर्नुपर्ने सन्देशलाई जीवन बीमाको मूल भावसँग जोड्दै क्यालेन्डर तयार गरिएको कम्पनीले जनाएको छ । कम्पनीका अनुसार क्यालेन्डरले प्रकृति संरक्षणप्रति जनचेतना फैलाउनुका साथै जीवन बीमाले प्रदान गर्ने सुरक्षा, संरक्षण र भविष्यप्रतिको तयारीको सन्देश पनि बोकेको छ ।

सन नेपाल लाइफ इन्स्योरेन्सले समय-समयमा सामाजिक उत्तरदायित्व र जनचेतनामूलक कार्यक्रममार्फत समाजमा सकारात्मक सन्देश प्रवाह गर्दै आएको छ । कार्यक्रममा कम्पनीका उच्च पदस्थ अधिकारीहरू तथा विभागीय प्रमुखहरूको उपस्थिती रहेको थियो । हाल सन नेपाल लाइफ इन्स्योरेन्सको देशैभरि एक सय ४८ शाखा तथा उप शाखा संचलनमा रहेका छन् ।

एनएमबि बैंक लिमिटेडको अमरसिंह शाखा स्थानान्तरण हुने बारे सर्वसाधारण, ग्राहकहरु तथा सरोकारवालाहरुलाई अत्यन्त जरुरी सूचना

यस एनएमबि बैंक लिमिटेडको कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं.१०, अमरसिंह स्थित, अमरसिंह शाखा मिति २०८२ साल चैत्र १५ गते आईतबारका दिनदेखि सोही भवनको पछाडि पट्टीको क्षेत्रमा स्थानान्तरण हुने र स्थानान्तरण पश्चात नयां स्थानबाट सम्पूर्ण बैंकिङ कारोबार सञ्चालन हुने भएकाले ग्राहक महानुभावहरु तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै, उक्त शाखामा रहेका लकरहरु समेत नयां स्थानमा निर्माण भएको शाखामा लकरको ताल्या यथा स्थितिमा नै राखी आवश्यक सम्पूर्ण सुरक्षाकासाथ स्थानान्तरण गरिने व्यहोरा सम्पूर्ण ग्राहक महानुभावहरुलाई जानकारी गराउंदछौं । ग्राहक महानुभावहरुले आवश्यकता बमोजिम मिति २०८२ चैत्र ११ भित्र यस बैंकको अमरसिंह शाखामा सम्पर्क राखी विस्तृत जानकारी लिन सक्नुहुनेछ ।

यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति बैंक क्षमाप्रार्थी छ ।

सम्पर्क ठेगाना

अमरसिंह शाखा
एनएमबि बैंक लिमिटेड
फोन नं.०६१-४३५१५० र ४३५१५१

केन्द्रीय प्रशासन विभाग
एनएमबि बैंक लिमिटेड
कृष्ण टावर, नयां वानेश्वर, काठमाण्डौ
फोन नं.०१- ४२१७११७
(एक्सटेन्सन नं.१५७६ र १५७९)

NMB BANK एनएमबि बैंक समूह नेपालको लागि
FMO
Member of Global Alliance for Banking on Values

सिटिजन्स बैंकको नवौं सिटिजन्स इन्ट्रा बैंक इन्डोर क्रिकेट प्रतियोगिता

आर्थिक संवाददाता
काठमाडौं, चैत १

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको १९औं वार्षिकोत्सवको अवसरमा आयोजित नवौं सिटिजन्स इन्ट्रा बैंक इन्डोर क्रिकेट प्रतियोगिता २०२६ सम्पन्न गरेको जानकारी दिएको छ ।

बैंकका अनुसार फागुन २९ गते शुक्रबारदेखि फागुन ३० गते शनिबारसम्म काठमाडौंमा सम्पन्न उक्त प्रतियोगिता सफलरूपमा सम्पन्न भएको हो । प्रतियोगितामा व्यवस्थापन समूहअर्न्तगत आठवटा टिम गरी बैंककै विभिन्न विभागका ८४ जना तथा विभिन्न शाखाका कर्मचारीहरूको सहभागिता रहेको बैंकले जानकारी दिएको छ । उक्त कार्यक्रममा सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले यस्तो कार्यक्रमहरूले संस्थाको संस्थागत संस्कारलाई मजबुत बनाउने मात्र नभई सुशासन र प्रणालीगत अनुशासनप्रति संस्थाको प्रतिबद्धतासमेत झल्काउँछ साथै, संस्थाभित्र अनुशासन, आपसी सहकार्य तथा स्वस्थ जीवनशैलीलाई प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । साथै उक्त प्रतियोगिताको विजेताहरूलाई प्रमुख कार्यकारी अधिकृत पोखरेलले पुरस्कारसमेत वितरण

गरे । बैंकले आगामी दिनहरूमा पनि यस्ता कार्यक्रमहरूमार्फत कर्मचारीहरूबीच आपसी सहकार्य, सकारात्मक ऊर्जा तथा संस्थागत एकतालाई अझ सुदृढ बनाउने विश्वास लिएको छ ।

विश्वकै प्रतिष्ठित अवार्ड बैंक अफ द इयर २०२४ र २०२५ को उपाधि प्राप्त गर्न सफल भएको बैंकले यसअघि नै फोनपेसँगको सहकार्यमा नेपालमै पहिलो पटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' भर्चुअल क्रेडिट कार्ड सञ्चालनमा ल्याएको छ । हालसालै बैंकले नवयुवा लक्षित बचत खाता 'सिटिजन्स जेन-जी सेभिङ्ग अकाउन्ट' र 'सिटिजन्स डिजी बैंक सेवा' नामक एकीकृत अनलाइन प्लेटफर्म सञ्चालनमा ल्याएको छ । फ्रिलान्सरहरूलाई लक्षित गरी विशेष 'फ्रिलान्सर सेविङ्ज अकाउन्ट' नामक नयाँ बचत खाता सुरू गरेको छ ।

नबिल बैंक लिमिटेड सुनवल शाखा, नवलपरासीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/१२/०२)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदां गरिंदएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण तेता रकम नबुझाई ऋण लिदां गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै बास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्र्यौट गर्न तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्न सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैवस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सवैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथमकथाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उठ्नी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहर लगायत सम्बद्ध सवैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिंदने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफूले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैवस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सकुन् हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेता असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

१. ऋणीको नाम र ठेगानाको विवरण

काशीराम ढकालको नाती, मानसरोवर ढकालको छोरा, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ५ बस्ने ना.प.नं. १२९४४ (जारी मिति: २०५८/०२/०२ स्थान रुपन्देही), भएका **नबराज ढकाल** ।

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. काशीराम ढकालको नाती, मानसरोवर ढकालको छोरा, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ५ बस्ने ना.प.नं. ५५४५ (जारी मिति: २०५५/०१/२३ स्थान रुपन्देही), भएका **युवराज ढकाल** ।
२. काशीराम ढकालकी बुहारी, मानसरोवर ढकालकी श्रीमती रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ५ बस्ने ना.प.नं. ८७३२ (जारी मिति: २०४५/०१/०९ स्थान रुपन्देही), भएकी **मायादेवी ढकाल** ।

धितोमा रहेको घर/ जग्गाको विवरण

काशीराम ढकालकी बुहारी, मानसरोवर ढकालकी श्रीमती रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ५ बस्ने **मायादेवी ढकालको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं. ५ नक्सा सीट नं. ०९८१११९०५ मा अवस्थित कि.नं. ८१ क्षेत्रफल ११६.४० वर्ग मि. घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगायत समेत ।

२. ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा (मिति : २०७५/०९/१७ मा प्रा.फ.र.न. ६१६/१२२०७/०७५/०७६, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **कोविद कलेक्शन** ।
ठेगाना: नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४ ।
ऋणी फर्मका प्रोप्राइटर:
कमल प्रसाद भट्टराईकी बुहारी, सुरज भट्टराईकी श्रीमती नवलपरासी जिल्ला रुपीलिया गा वि स वडा नं. ७ बस्ने, ना.प.नं. ३६-०१-७० -०८४०३ (जारी मिति: २०७०/०३/०४, स्थान नवलपरासी) भएकी **अनिता बस्याल** ।

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. जगरनाथ भट्टराईका नाती, अग्निधर भट्टराईका छोरा नवलपरासी जिल्ला दाउन्नेदेवी गा वि स वडा नं. ६ बस्ने, ना.प.नं. ३६०४३ (जारी मिति: २०४३/०१/१२, स्थान नवलपरासी) भएका **कमल प्रसाद भट्टराई** ।
२. अग्निधर भट्टराईकी बुहारी, कमल प्रसाद भट्टराईकी श्रीमती नवलपरासी जिल्ला दाउन्नेदेवी गा वि स वडा नं. ६ बस्ने, ना.प.नं. ३२४६०१५१ (जारी मिति: २०४६/०३/०७, स्थान नवलपरासी) भएकी **चम्पा कुमारी सुबेदी** ।
३. अग्निधर भट्टराईका नाती, कमल प्रसाद भट्टराईका छोरा नवलपरासी जिल्ला दाउन्नेदेवी गा वि स वडा नं. ६ बस्ने, ना.प.नं. ३६१०४६/४३४ (जारी मिति: २०५६/०३/०१, स्थान नवलपरासी) भएका **सुरज भट्टराई** ।

धितोमा रहेको घर/ जग्गाको विवरण

जगरनाथ भट्टराईका नाती, अग्निधर भट्टराईका छोरा नवलपरासी जिल्ला दाउन्नेदेवी गा वि स वडा नं. ६ बस्ने, **कमल प्रसाद भट्टराई** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी बर्दघाट सुस्ता पश्चिम जिल्ला दाउन्नेदेवी गा वि स वडा नं.६ नक्सा सिट नं. ६ स मा अवस्थित कि.नं. ४६२ क्षेत्रफल ०-१-१-३ बिगाह जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगायत समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९३२४५२, ९८०५६७३४७४

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत
गमगढी-नाक्चालाग्ना सडक योजना
गमगढी, मुगु

आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८२।१२।०२)

यस योजना कार्यालयको सूचना नं. ०८२/८३-०१ मार्फत मितिः२०८२।०६।०५ को प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार तपसिल बमोजिम पेश भएको बोलपत्रको प्राविधिक प्रस्ताव मिति २०८२।०७।१५ मा खोलिएर मूल्यांकन समितिबाट मूल्यांकन सम्पन्न भई स्वीकृत भएको हुँदा तपसिल मा उल्लेखित बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव साथमूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित)३१, उपनियम (ज) को दफा ५ बमोजिम मिति २०८२।१२।०९ गते, समय ९:०० बजे यस योजना कार्यालय मुगुमा आर्थिक प्रस्ताव खोलिने जानकारीसहित यो आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना प्रकाशित गरिएको छ।

तपसिल

Contract No	Qualified Bidders	
GNRP/337011694/ 082/83-01	1. Badimalika Nirman Sewa & Badimalika Supliers	2. Mahadev Ayush Nirman Sewa Pvt. Ltd.
	3. Rajdhani Construction	4. Birat Nirman Sewa
	5. Alpine-B.S. Nirman JV	6. Styabati Nirman Sewa

योजना प्रमुख

Government of Nepal
Ministry of Physical Infrastructure & Transport
Department of Roads
Federal Road Supervision & Monitoring Office, Pokhara
Road Division Palpa
Tansen, Palpa
Invitation for Bids (IFB) No.08-RDPLP-082/83.
Date of first publication: B.S.2082/12/02 (March 16, 2026 A.D.)

1. Road Division Office invites sealed bids from eligible domestic bidders for the construction works enlisted below:

S. N.	Contract No.	Name and Location of the Construction Work	Estimated Amount Excl. of VAT, Contingencies & PS (NRs)	Bid Security Amount (NRs)	Validity of Bid Security (Days)	Non Refundable Bid Document Fee (NRs)	Date of Bid Opening
1	RDPLP-337310113-2082/83-41Re	Recurrent maintainence work at NH09- (Damaraphat-Pipaldada)	2,144,394.37	50,000	120	3,000	2082/12/17
2	RDPLP-337310113-2082/83-42Re	Recurrent Maintenance along Ranimahal -darbaar-Ridi & Harthok-darbaar Section, Palpa	1,801,693.95	42,000	120	3,000	2082/12/17
3	RDPLP-337310113-2082/83-44Re	Recurrent Maintenance along Bartung -Harthok Section, Palpa	1,280,841.56	38,000	75	1,000	2082/12/17
4	RDPLP-337011384-2082/83-61	Road slope failure mitigation and protection works at (Ch. 30+900, Ch. 32+800 and Ch. 46+300) of Siddhartha Highway (NH-47)	14,114,854.95	330,000	120	3,000	2083/01/02

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np./egp.
3. Eligible Bidders may visit PPMO's Web Site www.bolpatra.gov.np./egp or contact Road Division Palpa at email: dropalpa@gmail.com for further information.

Division Chief